**सामुदायिक संवेदनशीलता सेमिनारमा फ्लिपबुकहरू प्रयोग गर्ने दिशानिर्देशहरू**

ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले फ्लिपबुक प्रयोग गरी सामुदायिक सेमिनार सञ्चालन गर्नेछन् । सेमिनार ३ घन्टाभन्दा बढी हुनेछैन ।

सम्भव भएसम्म, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सेमिनारका सेसनहरुमा फ्लिपचार्ट पेपर र रंगीन मार्करहरू (रातो, हरियो, कालो वा निलो) ल्याउँनेछन् । छलफलको क्रममा पशुपालन गर्ने किसानहरूले उनीहरूको उदाहरण राख्न सक्ने भएकोले ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताले सहभागीहरु बीचबाट चित्र बनाउन सक्ने सहभागी पहिचान गर्न सक्छन र यदि त्यस्तो व्यक्ति पहिचान भएमा त्यस व्यक्तिलाई फ्लिपचार्टमा चित्रण गर्न अनुरोध गर्न सक्छन। तत्पश्चात फ्लिपचार्टको चित्रहरुलाई फ्लिपबुकहरूसँग तुलना गरि सेसनहरु प्रभावकारी रुपमा संचालन गर्न सक्छन ।

## सेमिनारका उदेश्यहरु

- पशु स्वास्थ्य र खोपका कार्यक्रममा महिलाको भूमिका र पशुपालन उत्पादनमा योगदानको बारेमा चेतना जगाउने।
- **पी पी आर** रोग र खोपका फाइदाहरू बारे ज्ञानमा सुधार गर्ने ।
- समुदायका सदस्यहरू बीचमा विश्वास , आपसी सहयोग र सद्भावपूर्ण वातावरण सृजना गर्ने

## फ्लिपबुक १. स्वस्थ पशु र सुखी मानिस ( ५० मिनेट )

यो फ्लिपबुक पशु स्वास्थ्य र खोप कार्यक्रमहरुमा महिलाको भूमिकाका साथै पशुपालन उत्पादनमा वहाँहरुको योगदानको बारेमा चेतना जगाउनको लागि विकास गरिएको हो। यस फ्लिपबुकले बाख्रा पाल्ने महिला किसानहरू, बिरामी बाख्राहरूको हेरचाह गर्ने महिलाहरू र ग्रामिण पशु स्वस्थ कार्यकर्ता बनेर समुदायका पशुपालन गतिविधिहरूमा संलग्न भई सहयोग गर्न उत्प्रेरित महिलाहरुलाई प्रभावकारी निर्णय लिन र बाख्रा उत्पादनबाट भएको आय आर्जनको सफल तरिकाले नियन्त्रण गर्ने कार्यमा सहयोग गर्न जोड दिन्छ ।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. सेमिनारका सहभागीहरूलाई फ्लिपबुकको प्रतिलिपि वितरण गर्ने ।

२. फ्लिपबुकको शीर्षक पढ्ने । सहभागीहरूलाई शीर्षकको अर्थ व्याख्या गर्न अनुरोध गर्ने ।

३. फ्लिपबुकमा भएको कथा पढ्ने वा वर्णन गर्ने । कथा आफ्नै शब्दमा पनि वाचन गर्न सकिन्छ। पढाइ वा कथन जारी रहँदा सहजकर्ताले सहभागीहरूलाई फ्लिपबुकमा भएका पाठ्य वस्तुहरु कसरी सहभागीहरूको अनुभवसँग सम्बन्धित छन भनेर सोध्न सक्छन् । यसै सन्दर्भमा सहजकर्ताले अक्षर पढ्न कठिन हुने सहभागीहरूलाई उनीहरूले चित्रहरूमा देखेका कुराहरू व्याख्या गर्न भनि अनुरोध गर्न सक्नेछन् । फ्लिपबुकमा कथाहरु अध्यन गर्दै गर्दा सोध्न सकिने अन्य प्रश्नहरू:

- पशु स्वास्थ्य वा खोप अभियानको बारेमा महिलाहरूले कसरी जानकारी पाउँछन्? के यो समुदायका सबै महिलाहरूमा जानकारी पुग्छ त ? को को छुटे वा को कसलाई समावेस गर्न सकिएको छ ?
- महिलाहरूलाई आफ्नो बाख्रालाई खोप लगाउन लैजान के के कुराले अवरोध सृजना गर्दछ ?

४. सहजकर्ताले फ्लिपबुक पढेपछि वा वर्णन गरेपछि, निम्न प्रश्नहरू गरेर छलफललाई सहज बनाउने

- समुदायका सबै बाख्राहरूलाई खोप लगाउनु किन आवश्यक छ?
- बाख्रालाई खोप लगाउँदा के फाइदा हुन्छ?
- हामी सबैलाई आफ्नो बाख्रा र अन्य गाईवस्तुलाई खोप लगाउन कसरी प्रोत्साहित गर्न सक्छौं? वा बाख्रा पालन गर्ने किसानहरूलाई खोप कसरि पुर्याउने ?

- पशुको स्वास्थ्यको रेखदेखमा संलग्न महिलाहरुको भूमिकाको कदर गर्न हामीले समुदायका सदस्यहरूलाई के कसरी प्रोत्साहन दिन सक्छौं?

५. निम्न बुँदाहरू र यस फ्लिपबुकको विषयबस्तु वरिपरि रही छलफललाई निष्कर्ष तर्फ लैजाने :

- खोप तथा अन्य पशु सम्बन्धि अभियानहरूमा समुदायका सबैले भाग लिनु अत्यन्तै महत्त्वपूर्ण छ।
- खोप लगाइएका पशुहरु स्वस्थ हुन्छन् र बजारमा उच्च मूल्य मा बिक्रि हुन्छन ।
- पशु स्वास्थ्य तथा उत्पादनमा महिलाको योगदानको कदर गर्न र उनीहरूलाई सूचना, स्रोत र सेवाहरूको पहुँचमा पुर्याउन र निर्णय प्रक्रियामा संलग्न हुने अवसरहरू उपलब्ध गराउनु महत्त्वपूर्ण छ।

## फ्लिपबुक २ . भेडा बाख्रामा पी पी आर रोग (५० मिनेट)

यो फ्लिपबुक चाहीं पी पी आर रोग र खोपका फाइदाहरू बारे आफुमा भएको ज्ञानमा सुधार गर्न विकसित गरिएको हो। यो फ्लिपबुकले पशु स्वास्थ्यको महत्त्वलाई (पशुहरुलाई स्वस्थ राख्न, राम्रोसँग खुवाउन र हेरचाह गर्न ) र घरका सदस्यहरू बीच जिम्मेवारीहरू पनि बाँडफाँड गर्न पनि जोड दिन्छ । यो फ्लिपबुक प्राविधिक प्रकृतिको छ तसर्थ सेमिनारको तयारी गर्नु अघि ग्रामिण पशु स्वस्थ कार्यकर्ताको सहयोग पनि आवश्यक हुन सक्छ ।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. सेमिनारका सहभागीहरूलाई फ्लिपबुकको प्रतिलिपि वितरण गर्ने ।

२. फ्लिपबुकको शीर्षक पढ्ने । सहभागीहरूलाई शीर्षकको अर्थ व्याख्या गर्न अनुरोध गर्ने ।
   - के उनीहरूले यो सेमिनार अघि पीपीआर रोगको बारेमा सुनेका छन्?

३. फ्लिपबुकमा भएको कथा पढ्ने वा वर्णन गर्ने । कथा आफ्नै शब्दमापनि वाचन सकिन्छ। पढाइ वा कथन जारी रहँदा सहजकर्ताले सहभागीहरूलाई फ्लिपबुकमा भएका पाठ्य वस्तुहरु कसरी सहभागीहरूको अनुभवसँग सम्बन्धित छन भनेर सोध्न सक्छन् । यसै सन्दर्भमा सहजकर्ताले अक्षर पढ्न कठिन हुने सहभागीहरूलाई उनीहरूले चित्रहरूमा देखेका कुराहरू व्याख्या गर्न भनि अनुरोध गर्न सक्नेछन् ।पढेपछि वा फ्लिपबुकमा कथाहरु अध्यन गर्दै गर्दा सोध्न सकिने अन्य प्रश्नहरू:
   - के पी पी आर रोगले तपाईंको पशुवस्तुलाई असर गरेको छ? अनि समुदायमा अन्य पशुवस्तुहरुलाई नि ?
   - त्यस पछि पी पी आर रोग फैलिन नदिन तपाइको तर्फबाट के गर्नुभयो ?

४. सहजकर्ताले फ्लिपबुक पढेपछि वा वर्णन गरेपछि, निम्न प्रश्नहरू गरेर छलफललाई सहज बनाउने
   - पी पी आर रोग फैलिन नदिन समुदायमा के गर्न सकिन्छ?
   - पी पी आर रोग फैलिनबाट रोक्नको लागि पशुपालनका के कस्ता राम्रा अभ्यासहरू अपनाउन सकिन्छ होला?

५. निम्न बुँदाहरू र यस फ्लिपबुकको विषयबस्तु वरिपरि रही छलफललाई निष्कर्ष तर्फ लैजाने :
   - खोप र अन्य पशुपालन सम्बन्धि अभियानहरूमा समुदायका सबैले भाग लिनु महत्त्वपूर्ण छ।
   - खोप लगाइएका पशुहरु स्वस्थ हुन्छन् र बजारमा उच्च मूल्य मा बिक्रि हुन सफल हुन्छन ।
   - हामीले समुदायका अन्य सदस्यहरूका साथै हाम्रा घरका सदस्यहरू ( पति/पत्नी, छोराछोरी, आमाबाबु र अन्य) सँग पशु रोगहरू बारे जानकारी गर्नुपर्छ।

## फ्लिपबुक ३. एकको रुपमा बलियो ( ५० मिनेट )

यो फ्लिपबुक समुदायका सदस्यहरू बीच विश्वास र आपसी सहयोगको भावना विकास गर्न विकसित गरिएको हो। समावेशी समुदायका लागि प्रोत्साहन गर्न समुदायका (पुरुष र महिला, केटा र केटी, युवा र वृद्ध, अपाङ्गता भएका व्यक्तिहरू, विभिन्न जात समूहका व्यक्तिहरू, जातजातिका मानिसहरू)लाई स्रोत, सूचना र सेवाहरूमा समान पहुँचमा ल्याउन र उनीहरुको जीवनमा प्रभाव पार्ने सामुदायिक निर्णय प्रक्रियामा अभ्यस्त गर्न यो फ्लिपबुकले जोड दिनेछ ।

**चरणबद्ध रुपमा छलफल गर्ने प्रक्रिया:**

१. सेमिनारका सहभागीहरूलाई फ्लिपबुकको प्रतिलिपि वितरण गर्ने ।

२. फ्लिपबुकको शीर्षक पढ्ने । सहभागीहरूलाई शीर्षकको अर्थ व्याख्या गर्न अनुरोध गर्ने ।

३. फ्लिपबुकमा भएको कथा पढ्ने वा वर्णन गर्ने । कथा आफ्नै शब्दमा पनि वाचन सकिन्छ। पढाइ वा कथन जारी रहँदा सहजकर्ताले सहभागीहरूलाई फ्लिपबुकमा भएका पाठ्य वस्तुहरु कसरी सहभागीहरूको अनुभवसँग सम्बन्धित छन भनेर सोध्न सक्छन् । यसै सन्दर्भमा सहजकर्ताले अक्षर पढ्न कठिन हुने सहभागीहरूलाई उनीहरूले चित्रहरूमा देखेका कुराहरू व्याख्या गर्न भनि अनुरोध गर्न सक्नेछन् । पढाइ गर्दा वा फ्लिपबुकमा कथाहरु अध्यन गर्दै गर्दा सोध्न सकिने अन्य प्रश्नहरू:

- समावेशी समुदायले तपाईको लागि के अर्थ राख्छ? यो भनेको के हो ?

४. सहजकर्ताले फ्लिपबुक पढेपछि वा वर्णन गरेपछि, निम्न प्रश्नहरू गरेर छलफललाई सहज बनाउने

- फ्लिपचार्ट र मार्करहरू प्रयोग गरेर, सहभागीहरूलाई समावेशी समुदाय कोर्न लगाउने । समावेशी समुदायमा विभिन्न सदस्यहरूले खेल्ने भूमिकाहरूबारे व्याख्या गर्ने ।
- समावेशी समुदायमा कस्ता मूल्य मान्यताहरू महत्त्वपूर्ण छन्? (जस्तै, विश्वास, सम्मान, आपसी समझदारी, आदि)
- हाम्रो समुदायलाई समावेशी बनाउन के गर्न सकिन्छ?

५. निम्न बुँदाहरू र यस फ्लिपबुकको विषयबस्तु वरिपरि रही छलफललाई निष्कर्ष तर्फ लैजाने :

- खोप र अन्य पशुपालन सम्बन्धि अभियानहरूमा समुदायका सबैले भाग लिनु महत्त्वपूर्ण छ।
- खोप लगाइएका पशुहरु स्वस्थ हुन्छन् र बजारमा उच्च मूल्य मा बिक्रि हुन सफल हुन्छन ।
- हामीले सामुदायिक मामिलामा सबैको संलग्नताको कदर र प्रवर्द्धन गर्नुपर्छ। जब एक व्यक्तिको समस्यालाई अर्कोले सम्बोधन गर्न सकिदैन त्यसपछि समुदायका सबैलाई असर गर्न जान्छ । तसर्थ , हामीले सदैव एक अर्काको सहयोगमा काम गरेर हामी हाम्रो समुदायलाई असर गर्ने हरेक समस्याको समाधान गर्न र समुदायका सदस्यहरूको जीवन स्थरमा सुधार गर्न सक्छौं।

## सेमिनारको समापन (२० मिनेट )

१. समापनको क्रममा सहभागीहरूलाई निम्न प्रश्नहरू सोध्ने :

- कुन फ्लिपबुक तपाईलाई धेरै मन पर्यो? मनपर्ने कुनै विशेष तस्वीर वा तस्बिरहरू छन् भने एक आपसमा भन्नुहोस ! तपाईलाई किन मन पर्छ भनेर त्यसको व्याख्या गर्नुहोस्। तपाईलाई मन नपरेको चित्र वा तस्विरहरू बारे खुलेर एकापसमा बताउनुहोस ! तपाईलाई किन मन पर्दैन भनेर पनि व्याख्या गर्नुहोस्।
- तपाईंले आजको सेमिनारबाट के सिक्नुभयो?
- आजको सेमिनारबाट सिकेका के कुराको अवलम्बन/ लागु गर्नुहुन्छ ?
- तपाई भविष्यमा पशु स्वास्थ्य र खोपसँग सम्बन्धित कुन विषयहरूमा जान्न चाहनुहुन्छ?

- ल आज बाट तपाईंले अपनाउने/बन्ने विषयमा प्रतिज्ञा गर्नुहोस् त ?

(आज तपाईंले सिकेको एउटा कुरा) समावेशी समुदायहरू निर्माण गर्न जसले महिला र अन्य समुदायका सदस्यहरूको पशु स्वास्थ्य र पशुबस्तु उत्पादनमा योगदानको कदर गर्दछ